# ५. हात रखाई

## क. मुख्य पदहरु

हिब्रु ६:१-२ | मर्कूस १६:१७-१८
१तिमोथी ५:२२ | २तिमोथी १:६

## ख. परिचय

पवित्र आत्माले हामीलाई परिपक्वतामा बढनको निम्ति बोलाउनु भएको कुरालाई नबिर्सौं. त्यसो हुनको निम्ति हाम्रो आत्मिक जग मजबुतत हुनपर्छ. हात रखाईको सिद्धान्त पहिलो तीन आधारभूत सिद्धान्तको खुड्किलो पार गरेपछिको हो. यो सत्यले आफ्नोबाट ध्यान हटाएर अरुकोमा लैजान्छ ताकि हामी तिनीहरुका निम्ति ख्रीष्टको आशिषको माध्यम बन्नसकौं. पवित्र आत्माको बप्तिश्माको जग बसाएपछि यसरी सेवा गर्ने सामर्थ्य प्राप्त हुन्छ. विशेष आत्मिक उद्देश्य प्राप्तिका निम्ति एउटाको हात अर्को व्यक्तिको शरीरमाथि राखिनुलाई हात रखाइको सिद्धान्त भनेर बयान गरिएको छ. साधारणतया यो कार्यमा प्रार्थना र अगमवाणी वा दुवै हुनसक्दछ.

## ग. पुरानो नियमको केही उदाहरणहरु

१. इस्राएलीहरु आफ्नो हात बलि हुन लागेको जनावरमाथि राख्थे. यसरी तिनीहरुको पाप त्यस जनावरमा सरेको र पापवलिसित आफ्नो पहिचान भएको मानिन्थ्यो (लेवी १:१-५).

२. याकूबले एफ्रैम र मनस्से (यूशुफका छोराहरु) माथि हात राखेर अगमवाणीमा आशिर्वाद दिए (उत्पत्ति ४८:१४).

३. मोशाले यहोशूमाथि हात राखेर आफ्नो बुद्धि र अधिकार उसलाई दिए. यहाँ हामी उसलाई नेतृत्व सम्हाल्न आवश्यक, बुद्धि, इज्जत तथा अगुवापन उसमा सरेको देख्छौं.

## घ. हात रखाईवारे नयाँ नियमका कारणहरु

**१. चंगाई दिन**

- हात रखाईद्वारा येशूले चंगाई दिनुभयो (लूका ४:४०, लूका १३:१३).

- प्राचीनहरुले हातमा तेल लिएर चंगाईको निम्ति प्रार्थना गर्नुपर्छ (याकूब ५:१४-१६)
- हात रखाईद्वारा अरुलाई चंगाई प्रदान गर्न विश्वासीहरुलाई उत्साहित गरिएको छ (मर्कूस १६:१७-१८; प्रेरित ९:१७; प्रेरित २८:८-९).

२. **आशिष दिन**
- येशूले नानीहरुलाई परमेश्वरको आशिष दिनुभयो (मत्ती १९:१३-१५; मर्कूस १०:१३-१६).
- येशूले आफ्नो हात यूहन्नामाथि राख्दै भन्नुभयो, "नडराउ." (प्रकाश १:१७).

३. **पवित्र आत्माको बप्तिश्मा प्रदान गर्न**
अगुवाहरु र विश्वासीहरु पनि हात राखेर पवित्र आत्माको बप्तिश्मा प्रदान गर्ने कार्यमा संलग्न थिए (प्रेरित ८:१४-२४; प्रेरित ९:१०-१७; प्रेरित १९:६).

४. **आत्मिक वरदानहरु प्रदान गर्न** (१तिमोथी ४:१४; २तिमोथी १:६; रोमी १:११).

५. **मानिसहरुलाई विशेष जिम्मेवारी तोक्न**
जिम्मेवार कार्यकर्ताहरुलाई विशेष कार्य सम्पन्न गर्नका निम्ति छुट्टयाउन र त्यसैका लागि तिनीहरुलाई विशेष अभिषेक प्रदान गर्न हात राखिन्थ्यो (प्रेरित १३:२-३). अगुवाहरुले हात राखेर डिकनहरुको नियुक्ति (प्रेरित ६:१-६) गर्ने गर्थे. याद गर्नुहोस्, विश्वास, बुद्धि र पवित्र आत्माले भरिएकाहरुलाई अगुवाहरुले चयन गर्थे. त्यसरी तिनीहरुले मण्डलीको दैनिक तथा व्यवहारिक क्रियाकलापमा पनि अगुवाको भूमिका निर्वाह गर्थे.

ङ. हात राख्ने कुरामा होशियार हुनुपर्छ

*"हात राख्ने कुरामा छिटो नगर."* (१तिमोथी ५:२२)

कसैलाई सेवकाईमा वा नेतृत्वका निम्ति छुट्टयाइनका लागि यो हात रखाईका बारेमा धर्मशास्त्रमा विशेष उल्लेख भएको छ. विशेषत यदि उसलाई पाप गर्ने बानी बसेको छ वा उसलाई परमेश्वरले चुन्नुभएको छैन भने निश्चय नै एउटा अनुपयुक्त व्यक्ति नेतृत्व तहमा हुनु गम्भीर कुरा हो अथवा कुनै व्यक्तिलाई नेतृत्वमा ल्याउने उचित समय नभएको पनि हुनसक्छ (१तिमोथी ३:६). परमेश्वरले नै नेतृत्वको चयन गर्नुहुन्छ र तिनीहरुलाई उचित समयमा उठाउनु पनि हुन्छ. त्यतिबेला अन्य

अगुवाहरुलाई बोलाएर तिनीहरुमाथि हात राखेर (कामका निम्ति) छुट्ट्याइनुपर्छ.

यो कुरा याद राख्नुपर्छ, हात रखाईले गर्दा केही घटना घटन गयो भने (एउटा आत्माको अर्को आत्मासित) आत्मिक सम्बन्ध कायम हुनुपर्छ. हात रखाईद्वारा एउटाको आत्माको केही अंश अर्कोमा सर्छ भनेर धर्मशास्त्रमा उल्लेख छ (व्यवस्था ३४:९). त्यसकारण हामी कसमाथि हात राख्दैछौं र हामीमाथि कसले हात राख्दैछ भन्ने कुरामा हामीले होस पुऱ्याउनुपर्छ. दुष्ट सँगतमा जानाजान पापमय जीवन जिउने मानिसहरु आत्मामा बिटुलो वा अपवित्र हुनसक्छन्. विशेषगरी यदि तपाईमा कमजोरी छ, तपाईको जीवनका केही पक्षहरुमा प्रभुको अगाडि ठीक हुनुहुन्न भने त्यस्ता व्यक्तिहरुले तपाईमा हात राखेर प्रार्थना गरेमा तपाईलाई हानी गर्नसक्छ. हात राख्ने व्यक्तिको चरित्र जाँच्नुस, परमेश्वरसँग उसको सम्बन्ध कस्तो छ, हृदयमा बिनम्रता छ कि छैन र तिनीहरु केवल परमेश्वरको महिमा गर्न चाहिरहेका छन कि छैनन्, इत्यादि. याद राख्नुहोस्, यदि तपाई उहाँको पुत्र हुनुहुन्छ भने तपाईको जीवन र परिस्थितिको नियन्त्रण उहाँको हातमा छ. त्यसकारण प्रार्थनाको निम्ति र अरुकोमा हात राख्न तपाईलाई परमेश्वरले अह्राउनुभयो भने मात्र त्यसो गर्नुहोस्. यदि तपाई उहाँको इच्छाको केन्द्रविन्दुमा जिउनुभएको छ भने परमेश्वरले तपाईको रक्षा गर्नुहुनेछ. यी क्षेत्रहरुमा हामी पवित्र आत्माप्रति संवेदनशील हुनुपर्छ तर हात रखाईलाई पनि तिरस्कार गर्न चाहिं मिल्दैन.

## च. मण्डलीमा यसको महत्व

### १. सेवाको निम्ति

क्रिश्चियन सेवकाईको आधार सेवाभाव हो (मर्कूस १०:४३-४५). धेरै सदस्य भएको ख्रीष्टको देह र संसारमा हाम्रो सेवालाई व्यक्त गर्ने एउटा तरीका हाम्रा हातहरु हुन. चंगाई वा आशिष दिने कुरा किन नहोस अर्को व्यक्तिलाई सेवा पुऱ्याउने ठूलो काम हात रखाइबाट हुनसक्छ.

### २. दिनको निम्ति

जब हामी विश्वासद्वारा अरुमाथि हात राख्छौं हामीमा भएको परमेश्वरको जीवन अरुलाई दिंदछौं. यसो गर्दा हामीले अरुलाई जे दिएका छौं परमेश्वरले

त्यो चीज हामीलाई फर्काइदिनुहुनेछ ताकि यसरी हामी फेरि अरुसित बांडनसकौं (लूका ६:३८; प्रेरित ३:६).

**३. बोलाउनको निम्ति**

तिनीहरुको जीवनमा परमेश्वरको बोलावट भएका स्त्री र पुरुषहरुको धेरै खांचो येशू ख्रीष्टको मण्डलीमा छ. आफूमा भएको वरदान वा अभिषेक तिनीहरुले अरुलाई दिन सक्दछन. अभिषिक्त अगुवाहरुले ख्रीष्टको देह (मण्डली) मा बोलावट भएकाहरुमाथि हात राखेर त्यस्तो अभिषेक अरुमा पनि बांडन सक्छन् (प्रेरित १३:१-३).

## छ. अन्तमा

हात रखाई सुचारुरुपले कार्यरत मण्डलीको एक अभिन्न क्रियाकलाप हो. शरीर जो येशू ख्रीष्ट हुनुहुन्छ, उहाँबाट जीवन लिएर हातद्वारा त्यो अरुमा बांडिन्छ. पुनरुत्थित ख्रीष्टको चंगाई दिने शक्ति, सेवा र आशिष दिने कार्य येशूका आत्माले भरपूर चेलाहरुमा र बिशेषगरी परमेश्वरले छान्नुभएको अगुवाहरुको जीवनमा अन्तर्निहित छ. मानिसहरुमा त्यो सामर्थ्य हात रखाइबाट प्राप्त हुन्छ.

## ज. प्रश्नहरु र छलफलका बुँदाहरु

१. लेवी १६:१०, २१-२२ मा वर्णित अरुको पाप धारण गर्ने बोकाको बर्णन के येशूले हाम्रो निम्ति गर्नुभएकै कुराको प्रतिविम्ब हो ?

२. अरुले हामीमाथि हात राखेमा केही गलत तत्व हामीमा प्रवेश गर्ने डरले कसैलाई पनि हामीमाथि हात राख्नै नदिने पो हो कि ? छलफल गर्नुहोस्.

३. गलत अगुवाहरु नछान्न हामी होशियार हुनुपर्ने वा सही नै अगुवा पनि छान्नमा हतार नगर्नुपर्ने किन होला ?

४. मानिसहरुलाई बिशेष कामको निम्ति हात रखाईद्वारा किन छुट्ट्याउनुपर्ने होला ?

५. तपाईंबाट जीवन अरुमा सार्न परमेश्वरले तपाईलाई प्रयोग गर्ने आशा गर्न सक्नुहुन्छ ?

## झ. सारांश र प्रयोग

१. हात राखेर दिने र प्राप्त गर्ने दुवैमा विश्वास भएमा मात्र इश्वरीय जीवनको उर्जा (शक्ति) एकबाट अर्कोमा सर्नसक्दछ (मर्कूस ५:२५-३०).
२. यदि हामी परमेश्वरको आज्ञाकारितामा जिएका छौं भने हात रखाइबाट केही गलत तत्व हामीमा सर्ला कि भनेर डर मान्नुपर्दैन.
३. परमेश्वरबाट कुनैपनि कुरा प्राप्त गर्नको निम्ति विश्वासको जरुरत पर्दछ.
४. परमेश्वरको सेवा गर्दै हात रखाईको माध्यमबाट जब हामी अरुलाई दिन्छौं उहाँबाट हामी अझ धेरै प्राप्त गर्दछौं र यसरी हामी अरुलाई दिन अझ समर्थ हुन्छौं.
५. खीष्टको देह मजबुतीका साथ वृद्धि हुनको निम्ति परमेश्वरले धेरै मानिसहरुलाई बोलाउन चाहनुहुन्छ र उक्त बोलावटमा आउन तिनीहरुलाई उहाँले सबल बनाउनुहुन्छ.